भजनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली,
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :– राजश्व२०७७/०७८

## घाटहरुमा डुंगा (नाऊ) उत्तराही ठेक्काको शिलबन्दी दरखास्त आव्हानको सूचना

( प्रथम पटक प्रकाशित मिति :– २०७८।०२।२४)

भजनी नगरपालिकाको मिति २०७८।०२।२३ गतेको निर्णय अनुसार आर्थिक वर्ष २०७८/०७९ का लागि यस भजनी नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका घाटहरुमा डुंगा (नाऊ) उत्तराही ठेक्का बन्दोबस्त गर्न देहाय बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी दरखास्त पेश गर्न सम्बन्धीत सबैको जनकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र. स. | ठेक्का नं. | ठेक्काको नाम | ठेगाना | न्यूनतम अंक रकम रु. | सिलबन्दी फाराम दस्तुर | नेपाली नागरिक लाई धरौटी रकम रु. | गैर नेपाली नागरिक लाई धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ११/२०७७-०७८ | जवलपुर– मिलनपुर घाट, कान्द्रा नदी | भजनी-३र५ | ६०,०००/- | १०००/- | ३,०००/- | ६,०००/- | |
| २ | १२/२०७७-०७८ | लौवस्ता घाट, कान्द्रा नदी | भजनी १र५ | ५५,०००/- | १०००/- | २,७५०/- | ५,५००/- | |
| ३ | १३/२०७७-०७८ | लालबोझी भन्सार खैरेनी घाट, कान्द्रा नदी | भजनी ५र१ | ८५,०००/- | १०००/- | ४,२५०/- | ८,५००/- | |
| ४ | १४/२०७७-०७८ | कर्मदेव पडरिया घाट, कान्द्रा नदी | भजनी ३र५ | १,२५,०००/- | १०००/- | ६,२५०/- | १२,५००/- | |
| ५ | १५/२०७७-०७८ | खुरखुरीया– भुरुवा घाट, कान्द्रा नदी | भजनी-९ | ५,०००/- | १०००/- | २५०/- | ५००/- | |
| ६ | १६/२०७७-०७८ | विजुलिया– डोंगपुर घाट, कान्द्रा नदी | भजनी ४र९ | ७,०००/- | १०००/- | ३५०/- | ७००/- | |
| ७ | १७/२०७७-०७८ | विजुलिया – पचमुडिया घाट, कान्द्रा नदी | भजनी४ र९ | ३५,०००/- | १०००/- | १,७५०/- | ३,५००/- | |
| ८ | १८/२०७७-०७८ | बेलुवा-जनकपुर घाट पथरैया नदी | भजनी ८ | १०,०००/- | १०००/- | ५००/- | १,०००/- | |
| ९ | १९/२०७७-०७८ | छछरहुवा-भर्तापुर घाट पथरैया नदी | भजनी ८ | १५,०००/- | १०००/- | ७५०/- | १,५००/- | |

१. सिलबन्दी दरखास्त फाराम सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट नगद रु. १,०००/- (अक्षेरुपी एक हजार मात्र)दस्तुर (पछि फिर्ता नहुने) बुझाई ८ औं दिन दिनको १२:०० बजे सम्म भजनी नगरकार्यपालिकाको कार्यालयमा दर्ता गर्नुपर्ने छ । उक्त सिलबन्दीहरु सोही दिन दिनको २:०० बजे भजनी स्थित सरकारी कार्यालयका प्रतिनिधि र शिलबन्दी दरखास्त दाताहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दरखास्त दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरखास्त खोल्न बाधा पर्ने छैन ।

२. शिलबन्दी दरखास्त खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू क्रमश: लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र संघ, संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि(नविकरण सहित), मु.अ. कर, स्थायी लेखा नं.(पान न.) र आ. व. २०७६/०७७ सम्मको कर चुक्ता भएको प्रमाण पत्र लगायतका सम्पूर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

४. शिलबन्दी दरखास्त खाम बाहिर भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ठेक्काको लिन चाहेको घाटको नाम लेखि दरखास्त दाताको नाम र ठेगाना समेत उल्लेख गर्नुपर्ने छ ।

५. दरखास्त दाताले कबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. घाट ठेक्का प्रक्रियामा भाग लिन चाहने दरखास्तदाताले नगरपालिकाले निर्धारण गरेको न्युनतम रकमको नेपाली नागरिक भए ५ (पांच) प्रतिशत र गैर नेपाली नागरिक भएमा १० (दश) प्रतिशत धरौटी रकम यस नगर कार्यपालिकाको कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेको धरौटी खाता नं. ४१५०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्नेछ ।

२०७८।२।२४
धर्म राज विनाडी
प्रमुख प्रशासकीय अधिकृत

भजनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :– राजश्व२०७७/०७८

७. कबोल रकम ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र यस नगर कार्यपालिकाको कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेकोआन्तरिक राजश्व खाता नं. ४१५०१००३०१०१०००२ मा जम्मा दाखिला गरी पट्टा उठाउनु पर्नेछ ।

८. डुङ्गा(नाऊ) संचालन गर्दा यात्रु अनुसारको लाईफ ज्याकेट राख्नुपर्नेछ ।

९. घाटको ठेक्का अवधि ठेक्का २०७९ साल असार मसान्त सम्म हुनेछ ।

१०.सरकारी कर्मचारी, शिक्षक, प्रहरी, भिन्न क्षमता भएका व्यक्ति, विद्यार्थी र जेष्ठ नागरिकहरुलाई निजहरुको परिचय-पत्र हेरी नि:शुल्क घाट उत्तराही सेवा उपलब्ध गराउनु पर्नेछ ।

११. प्रचलित नियमानुसार कालो सूचीमा नपरेका र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नभएको स्वघोषणा गर्नुपर्ने छ | कालोसूचीमा परेका र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही हुने छैन ।

१२. म्याद नाघी आएको, रीत नपुगेको शर्त राखिएको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही गरिने छैन ।

१३. पेश भएको सिलबन्दी दरखास्त पत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. यसमा उल्लेख नभएको विषयको हकमा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

१५. यात्री हरुलाई यस कार्यालयबाट छाप लगाएको नगदी रसिद उपलब्ध गराउनु पर्नेछ ।

१६. घाटको दुबै किनारामा सबैले देख्ने गरी दर रेटको साइन बोर्ड राख्नुपर्नेछ ।

१७.सूचनामा उल्लेख हुन नसकेका अन्य कुराहरुको हकमा प्रचालित कानुन अनुसार हुनेछ । ठेक्का सम्झौता पछि नगरपालिकाको कार्यालयलाई बुझाउनु पर्ने रकमहरु मिनाहाको लागि मान्य हुने छैन ।

१८. सुचनाको सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस कार्यालयको राजश्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

(धर्मराज विनाडी)

प्रमूख प्रशासकीय अधिकृत

**धर्म राज विनाडी**

**प्रमुख प्रशासकीय अधिकृत**